# अध्यागमन कार्यालय, त्रि.अ.वि.,

## गौचर, काठमाडौँ

### एकीकृत जवाफदेहिता म्याट्रिक्स (Accountability Framework), २०८२

अध्यागमन कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौचरमा कार्यरत कर्मचारीहरूका लागि काम, कर्तव्य, र अधिकारमा स्पष्टता ल्याउन, त्रुटिरहित कार्यसम्पादन सुनिश्चित गर्न, र आफूले सम्पादन गरेको कामप्रति जवाफदेहिता वहन गराउने उद्देश्यले यो एकीकृत जवाफदेहिता सूची तयार गरी मिति २०८२ असार ३० गतेदेखि लागू गरिएको छ।

| क्र.सं. | अवस्था / समस्या (Problem/Error) | प्राथमिक जिम्मेवारी (Primary Responsible) | अन्तिम जवाफदेही (Ultimately Accountable) | कार्यालयबाट हुने कारवाही (Action from the Department) | कैफियत (Remarks) |
|---|---|---|---|---|---|
| (क) नेपाली नागरिकको प्रस्थान सम्बन्धी | | | | | |
| १ | आवश्यक कागजात पूरा नभएको यात्रुले प्रस्थान अनुमति पाई फिर्ता भएमा | सम्बन्धित अध्यागमन अधिकृत (Desk Officer) | वरिष्ठ अध्यागमन अधिकृत (सुपरिवेक्षक) | छानबिन गरी सोको आधारमा आवश्यक कारवाही प्रक्रिया अगाडि बढाउने | |
| २ | नक्कली वा फर्जी कागजात प्रयोग गरी यात्रा गरेको पाइएमा | सम्बन्धित व्यक्ति, संलग्न मेनपावर/ कन्सल्टेन्सी | अध्यागमन कार्यालय | मुलुकी अपराध संहिता वा अन्य प्रचलित कानून कारवाहीको प्रक्रिया अगाडि बढाउने | |
| ३ | प्रणालीबाट जाँच गर्न सकिने कागजात जाँच नगरी प्रस्थान अनुमति दिएमा | सम्बन्धित अध्यागमन अधिकृत | वरिष्ठ अध्यागमन अधिकृत (सुपरिवेक्षक) | छानबिन गरी सोको आधारमा आवश्यक कारवाही प्रक्रिया अगाडि बढाउने | |
| ४ | यात्रामा प्रतिबन्धित यात्रुले यात्रा गरेको पाइएमा | सम्बन्धित एयरलाइन्स कम्पनी | अध्यागमन कार्यालय | कारवाहीका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणमा लेखी पठाउने | |
| ५ | एउटा उद्देश्य देखाई गएको व्यक्ति विदेशमा अलपत्र परेमा | सम्बन्धित व्यक्ति, संलग्न मेनपावर/ कन्सल्टेन्सी | अध्यागमन कार्यालय | कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने र यात्रु फिर्तामा सहजीकरण गर्ने | |

प्रमुख अध्यागमन अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| **(ख) विदेशी नागरिकको आगमन तथा बसाइ सम्बन्धी** | | | | | |
| ६ | नेपाल प्रवेशमा रोक लागेको (Interpol/ Blacklisted) व्यक्तिले भिसा/आगमन अनुमति पाएमा | भिसा/आगमन अनुमति प्रदान गर्ने अधिकृत | विदेशस्थित नियोग भए परराष्ट्र मन्त्रालय, कार्यालय भए वरिष्ठ अध्यागमन अधिकृत | सम्बन्धित व्यक्तिलाई कानून बमोजिम निस्कासन गर्न अध्यागमन विभाग लेखी पठाउने र भिसा जारी गर्ने अधिकृतलाई नियमानुसार कारवाहीका लागि प्रक्रिया अगाडि बढाउने | |
| ७ | भिसा नवीकरण नगरी लामो समय बसेमा | सम्बन्धित विदेशी व्यक्ति | अध्यागमन विभाग | कानुन बमोजिम शुल्क, विलम्ब शुल्क र जरिवाना लिई नवीकरण गर्ने वा मन्त्रालयको स्वीकृतिमा निष्कासन गर्ने | |
| **(ग) प्रक्रियागत त्रुटि सम्बन्धी**<br>**(मानक कारवाही: प्रथम पटक त्रुटि भएमा सचेत गराउने, त्रुटि दोहोरिएमा नियमानुसार विभागीय कारवाही गर्ने)** | | | | | |
| ८ | आगमन छाप (Arrival Stamp) नलगाई यात्रु बाहिर आएमा | सम्बन्धित अध्यागमन अधिकृत | जिम्मेवारी तोकिएको वरिष्ठ अध्यागमन अधिकृत | सत्यतथ्य छानबिन गरी कारवाही गर्ने | |
| ९ | यात्रुलाई धेरैबेर Waiting/ Hold मा राखी उडान प्रभावित पारेमा | सम्बन्धित अध्यागमन अधिकृत | जिम्मेवारी तोकिएको वरिष्ठ अध्यागमन अधिकृत | सत्यतथ्य छानबिन गरी कारवाही गर्ने | |
| १० | राहदानीमा छाप नलगाई प्रणालीमा मात्र प्रविष्टि गरेमा | सम्बन्धित अध्यागमन अधिकृत | जिम्मेवारी तोकिएको वरिष्ठ अध्यागमन अधिकृत | सत्यतथ्य छानबिन गरी कारवाही गर्ने | |
| ११ | भिसा शुल्क बैंकमा तिरे पनि बिना भिसा प्रवेश गराएमा | सम्बन्धित अध्यागमन अधिकृत | जिम्मेवारी तोकिएको वरिष्ठ अध्यागमन अधिकृत | मानक कारवाही अनुसार गर्ने | सेवाग्राही दोषी भए कानुन बमोजिम कारवाही गर्ने |
| १२ | भिसामा केरमेट गरेमा वा Stamp नबुझिने गरी लगाएमा | सम्बन्धित अध्यागमन अधिकृत | जिम्मेवारी तोकिएको वरिष्ठ अध्यागमन अधिकृत | मानक कारवाही अनुसार गर्ने | |

प्रमुख अध्यागमन अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | कालोसूची/इन्टरपोल हिटमा भएको व्यक्तिलाई प्रवेश/प्रस्थान अनुमति दिएमा | सम्बन्धित अध्यागमन अधिकृत | जिम्मेवारी तोकिएको वरिष्ठ अध्यागमन अधिकृत | मानक कारवाही अनुसार गर्ने | |
| १४ | नक्कली/चोरीको राहदानीमा भिसा/आगमन अनुमति दिएमा | सम्बन्धित अध्यागमन अधिकृत | जिम्मेवारी तोकिएको वरिष्ठ अध्यागमन अधिकृत | मानक कारवाही अनुसार गर्ने | |
| १५ | गैर आवासीय नेपालीको परिचयपत्र बिना निशुल्क भिसा दिएमा | सम्बन्धित अध्यागमन अधिकृत | जिम्मेवारी तोकिएको वरिष्ठ अध्यागमन अधिकृत | मानक कारवाही अनुसार गर्ने | |
| १६ | प्रणालीमा प्रविष्टि नै नगरी विदेशीलाई नेपाल भित्र्याएमा | सम्बन्धित अध्यागमन अधिकृत | जिम्मेवारी तोकिएको वरिष्ठ अध्यागमन अधिकृत | मानक कारवाही अनुसार गर्ने | |
| १७ | बैध भिसा नभएकालाई प्रस्थान अनुमति दिएमा | सम्बन्धित अध्यागमन अधिकृत | जिम्मेवारी तोकिएको वरिष्ठ अध्यागमन अधिकृत | मानक कारवाही अनुसार गर्ने | |
| १८ | शरणार्थी हैसियतका यात्रा अनुमति पत्रवाहकलाई अन-अराइभल भिसा दिएमा | सम्बन्धित अध्यागमन अधिकृत | जिम्मेवारी तोकिएको वरिष्ठ अध्यागमन अधिकृत | मानक कारवाही अनुसार गर्ने | |

प्रमुख अध्यागमन अधिकृत